# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ८१ | बुटवल | २०८१ चैत ०५, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Mar. 18, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**व्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं ।**

-नियमित स्वास्थ्य परीक्षण गराऔं ।
-सन्तुलित, पोषणयुक्त आहार सेवन गरौं ।
-नियमित शारीरिक परिश्रम गरौं ।
-दैनिक रुपमा निद्रा पुग्ने गरी सुतौं ।
-ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं ।
-व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड


# रात्रिकालीन व्यवसाय सञ्चालन गर्न दिन होटेल व्यवसायीको माग

**सरकारले तोकेका मापदण्डहरु पूरा गरेको अनुगमनमा देखिएमा रात्रिकालीन बजार सञ्चालन गर्न दिन प्रशासन र सुरक्षा निकाय तयार रहेको रुपन्देहीका प्रमुख जिल्ला अधिकारीले प्रतिबद्धता जनाए ।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

रुपन्देहीका होटेल तथा रेष्टुरेण्ट व्यवसायीले बुटवलसहित रुपन्देहीका प्रमुख बजारमा रात्रिकालीन व्यवसाय सञ्चालनको अनुमति दिन रुपन्देही प्रशासनसँग माग गरेका छन् ।

होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रूपन्देहीले बुटवल उप-महानगरपालिका, तिलोत्तमा नगरपालिका, सिद्धार्थ नगरपालिका र सैनामैना नगरपालिकाका प्रमुख, जिल्लाका चार वटै सुरक्षा निकाय प्रमुखहरुको रोहबरमा प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेलाई ज्ञापनपत्र बुझाउँदै रात्रिकालीन व्यवसाय सञ्चालनको अनुमति मागेका हुन् ।

संघका अध्यक्ष लेखनाथ भण्डारीले रात्रिकालिन बजारका लागि आवश्यक पूर्वाधारहरु बनिसकेकाले आर्थिक मन्दी र प्रदेश राजधानी दाङ सरेपछि खस्केको रुपन्देहीको बजारलाई चलायमान बनाउन बुटवलको कालिकापथमा रातको २ बजेसम्म, बुटवलकै अमरपथ र ट्राफिकचोकमा रातको १२ बजेसम्म, बुटवलको अन्य क्षेत्रमा रातको ११ बजेसम्म, सिद्धार्थ नगरनगरपालिका, तिलोत्तमा नगरपालिका, सैनामैना नगरपालिका र देवदह नगरपालिकाको राजमार्ग र बजार क्षेत्रमा रातको ११ बजेसम्म व्यवसाय सचालन गर्न अनुमति दिन माग गरे । रात्रिकालीन व्यवसाय सञ्चालन गर्न सकेमा भारतीय पर्यटकलाई भित्राउन र पर्यटकको बसाइ लम्ब्याउन सकिने भण्डारीले बताए । रुपन्देहीमा पर्यटकस्तर र त्यसभन्दा माथिका पाँच सय बढी होटेल-रेष्टुराँ सञ्चालनमा छन् ।

'बुद्ध जन्मस्थल लुम्बिनी घुम्न आएका,बेलहिया नाका हुँदै भित्रिने पर्यटक र गौतमबुद्ध विमानस्थलमा अवतरण हुने यात्रुलाई रातको समयमा सहज रुपमा सेवा दिन रात्रिकालिन व्यवसाय आवश्यक छ,' अध्यक्ष भण्डारीले भने-'कोरोना महामारी, आर्थिक मन्दी र प्रदेशको राजधानी दाङ सरेपछि संकटमा परेको रुपन्देहीको व्यवसायलाई चलायमान बनाउन र व्यवसायीलाई थप पलायन हुनबाट रोक्न प्रशासन र सुरक्षा निकाय व्यवसायीका मागमा संवेदनशील हुन जरुरी छ ।' रात्रिकालीन बजार सञ्चालनका लागि संघलेयसअघि पनि प्रमुख जिल्ला अधिकारी, जिल्लाका सुरक्षा निकाय, व्यवसाविक संघसस्था, स्थानीय सरकारसँग छलफल र बैठक बसी निर्णय गरेको भण्डारीले बताए ।

ज्ञापनपत्र बुझेपछि प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले कास्कीको प्रमुख जिल्ला अधिकारी हुँदा पोखरामा आफूले नै नेपालमा पहिलोपटक रात्रिकालीन व्यवसाय शुरु गराएको स्मरण गर्दै रुपन्देहीमा झन् आवश्यक भएको बताए । उनले सानो कुराले ठूलो परिवर्तन ल्याउन सक्ने बताए ।

स्थलमार्गबाट सबैभन्दा धेरै पर्यटक आउने बेलहिया नाका, विश्वभरका बौद्धमार्गी घुम्न आउने अन्तर्राष्ट्रिय पर्यटकीय स्थल लुम्बिनी नजिकै रहेको ठाउँमा रात्रिकालीन बजार आवश्यक भएको भन्दै उनले मापदण्ड पुरा गरेमा आफूले अनुमति दिने प्रतिबद्धता जनाए ।

'रुपन्देहीमा रात्रिकालीन व्यवसाय एकदमै आवश्यक छ, तपाईंहरु मापदण्ड पूरा गरेर तयार हुनुस्, हामी अनुगमनमा आउँछौं, मापदण्ड पूरा भएको पाइए तत्काल अनुमति दिन्छौं,' घिमिरेले भने-'त्यसभन्दा अगाडि कुनै व्यसायीले व्यक्तिगतरुपमा मापदण्ड पूरा गरेमा पनि जसलाई आवश्यक छ उनीहरुलाई दिँदै जान्छौं ।'

रात्रिकालीन व्यवसाय सञ्चालन हुँदैमा सुरक्षा चुनौती, बेथिति, विकृति र अपराध वृद्धि नहुने स्पष्ट पार्दै उनले स्थानीय सरकारको साथ आवश्यक पर्ने औंल्याए ।

रुपन्देहीका प्रहरी उपरीक्षक रन्जितसिंह राठौरले पहिलो चरणमा कुनै एक स्थान तोकेर रात्रिकालीन व्यवसाय सञ्चालनको परीक्षण गर्ने र त्यसपछि क्रमशः विस्तार गर्न प्रहरी तयार रहेको बताए ।

सो अवसरमा बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डे, तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँण, सिद्धार्थ नगरपालिकाका प्रमुख इस्तियाक अहमद खान, सैनामैनाका नगरप्रमुख फणिन्द्र शर्मा, मानवअधिकार तथा शान्ति समाजका पूर्व केन्द्रीय सभापति गोविन्द खनालले रात्रिकालिन व्यवसाय सञ्चालनमा स्थानीय सरकारको साथ रहने प्रतिबद्धता जनाए ।

बुटवल उप-महानगरपालिकाले कार्यपालिका बैठकबाट रात्रिकालीन बजार सञ्चालन गर्न दिने निर्णय गरिसकेको छ ।

## दीपक थापा ३१औं आइजीपी



बुटवल । नेपाल प्रहरीको ३१औं प्रहरी महानिरीक्षक (आइजीपी) मा दीपक थापा नियुक्त भएका छन् । सोमबार बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले थापालाई प्रहरी प्रमुख नियुक्त गर्ने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए ।

हालका आइजीपी वसन्तबहादुर कुँवर सोमबार राति १२ बजेदेखि अनिवार्य अवकासमा जाने भएपछि थापालाई नियुक्त गरिएको हो ।

आइजीपी बन्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का निर्देशक एआइजी थापा, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रमुख सुदीप गिरी र काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख टेकबहादुर तामाङ प्रतिस्पर्धामा थिए । उनीहरू २०५२ भदौ १९ गते प्रहरी निरीक्षकमा भर्ना भएका हुन् । थापा एआईजी बनेको दुई सातापछि गिरी र तामाङ एआईजीमा बढुवा भएका थिए । आइजीपी थापा २०८२ भदौ १९ गतेसम्म सेवामा रहनेछन् । त्यसपछि ३० वर्षे सेवा अवधिका कारण अवकाश हुनेछन् । तर ३० वर्षे हट्ने गरी ल्याइएको विधेयक संसद्बाट पारित भएमा सेवा अवधि थप हुन सक्नेछ । विधेयक संसद्मा विचाराधीन छ ।

हाल सीआइबी प्रमुख थापाले यसअघि काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरी र एआइजीमा बढुवा भएपछि प्रशासन विभाग प्रमुखका रूपमा काम गरिरहेका थिए । थापा इलाका प्रहरी कार्यालय बुटवलमा डीएसपी हुँदा र एसपीमा बढुवा भएपछि अख्तियारको कोहलपुर र बुटवल कार्यालयमा पनि काम गरेका थिए ।

## बेचन झा थुनामै रहने

बुटवल । भुटानी शरणार्थी प्रकरणमा मुछिएका बेचन झाले थुनामुक्तको माग गर्दै दायर गरेको रिट खारेज भएको छ । सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र अब्दुलअजिज मुसल्मानको इजलासले सोमबार रिट खारेज गरिदिएको हो । गत माघ २ गते झाले थुनामुक्तको मागसहित निवेदन दायर गरेका थिए ।

नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठगी गर्न झाको पनि संलग्नता रहेको आरोपमा प्रहरीले गत असार १३ गते उनलाई पक्राउ गरेको थियो । उनीविरुद्ध चार कसुरमा मुद्दा दायर भएको थियो । पर्साको वीरगञ्ज उपमहानगरपालिका ७ का ६६ वर्षीय झाविरुद्ध ठगी, लिखित किर्ते, राज्यविरुद्धको कसुर र संगठित अपराधको कसुरमा मुद्दा दायर गरिएको थियो । झासमेतका प्रतिवादीहरूले २८ करोड ८१ लाख ७४ हजार ५ सय रुपैयाँ पीडितबाट ठगी गरेको आरोप छ ।

उनलाई राष्ट्र हित प्रतिकूलको कसुरमा ५ वर्ष कैद र ५० हजार जरिवाना, ठगीको कसुरमा ७ वर्ष कैद र ७० हजार रुपैयाँ जरिवाना, किर्तेको कसुरमा ७ वर्ष कैद र ७० हजार जरिवाना, संगठित अपराधमा ५ वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवानाको माग गरिएको छ ।

यही कसुरमा गतवर्ष पक्राउ परेका पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी र पूर्व गृहसचिव टेकनारायण पाण्डेसहितका ८ प्रतिवादीहरु पुर्पक्षका लागि थुनामै छन् । पूर्वगृहमन्त्री बालकृष्ण खाँणसहितका अधिकांस प्रतिवादीहरु भने उच्च अदालत र सर्वोच्च अदालतबाट रिहा भएका छन् ।

# 'स्पाको नाममा अनैतिक र अमर्यादित गतिविधि'





भैरहवा । पछिल्लो समयमा भैरहवा क्षेत्रमा च्याउ जस्तै खुलेका स्पा तथा मसाज सेन्टरहरूमा अमर्यादित र अनैतिक गतिविधि हुने गरेको स्थानीयको गुनासो बढ्न थालेको छ । सम्बन्धित सरकारी निकायले प्रभावकारी अनुगमन नगर्दा निश्चित मापदण्ड विनै स्पा सेन्टरहरु जथाभावी खुलेका र त्यहाँ यौनजन्य अनैतिक गतिविधि समेत हुने गर्दा सामाजिक मर्यादामा खलल पुगेको एक स्थानीयले गुनासो गरे ।

सिद्धार्थ नगरपालिकामा आधिकारिक रुपमा आठ वटा स्पा दर्ता भएको अभिलेख छ । तर बजारमा ५० भन्दा बढी स्पा सञ्चालनमा छन् ।

एकातिर विना दर्ता, अर्कोतिर स्पा सेन्टरमा कार्यरत महिलाहरूले मसाजसम्बन्धी तालिम लिएको कुनै आधिकारिक प्रमाणपत्र नभएको, स्पा सञ्चालकले महिला कर्मचारीलाई न्यून तलब दिने र ग्राहकसँग अनैतिक यौनजन्य गतिविधि गर्न प्रोत्साहन गर्ने गरेको प्रश्नहरू उठ्न थालेकाले प्रहरी प्रशासनबाट नियमित प्रभावकारी अनुगमनको खाँचो देखिएको नगरपालिकाकै जनप्रतिनिधिहरुको भनाइ छ ।

'देवकोटा चोकदेखि आँखा अस्पताल आसपासको क्षेत्रमा स्पा सेन्टरका अमर्यादित गतिविधिले परिवारका सदस्य र आफन्तसँग हिंड्नै लाजमर्दो भएको छ,' एक स्थानीयले भने-'च्याउ जस्तै खुलेका स्पा सेन्टरले सामाजिक मूल्य मान्यतामा खलल पुराउनुका साथै स्पा व्यवसायमा अनैतिक क्रियाकलापको चर्चाले त्यहाँ कार्यरत महिलाहरूको प्रतिष्ठा र सुरक्षामा नकारात्मक प्रभाव पारेको छ ।'

स्पा सञ्चालनमा सामाजिक सरोकारवालाहरूको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक रहेको र अनुमति विना नै स्पा सञ्चालन गरेको पाइएकोले दर्ता प्रकृयामा लैजाने र नियमानुसार दर्ता नगरी मापदण्ड विपरीत सञ्चालन भएका स्पा/मसाज सेन्टरहरुलाइ कारवाहीको दायरामा ल्याउने अभियानमा लागेको सिद्दार्थनगरको उप-मेयर उमा अधिकारी भनाइ छ । महिलाहरुले रोजगार पाएता पनि कार्यरत महिलाहरूको सुरक्षाका लागि प्रभावकारी नीतिहरूको अभाव रहको उनले स्वीकार गरिन् ।

स्पा/मसाज व्यवसायमा कार्यरत महिलाको सुरक्षाका लागि स्पष्ट कानुनी प्रावधानहरू आवश्यक रहेको उनले औंल्याइन् । अनैतिक क्रियाकलाप रोक्न कडा कानुनी व्यवस्था लागू गर्नुपर्ने र सम्बन्धित प्रशासनिक निकायहरूले नियमित रूपमा स्पा सेन्टरहरूको अनुगमन र निरीक्षण गरी मापदण्ड विपरीतका क्रियाकलाप रोक्नुपर्ने उनले बताइन् ।

» *भिम कार्की (प्रशिक्षार्थी)*




# सम्पादकीय

## पाल्पाली ढाकाको प्रवर्द्धन

पाल्पा ढाका कपडाको उत्पादनले चिनिएको छ । पाल्पाली ढाका उपभोक्ताको रोजाइमा पर्दै आएको छ । पाल्पाली ढाका कपडाको बजारीकरण गरी लाभ जति लिनुपर्ने हो, त्यो हुन नसक्दा पाल्पाली ढाका उद्योगहरु फष्टाउन सकेका छैनन् ।

पाल्पाली ढाका उद्योगले अपेक्षित लाभ लिन नसक्नुको कारण बजारीकरणमा सरकारी निकायले सघाउ नगर्दा हो । स्थानीय सरकारले पाल्पाली ढाका कपडाको बजारीकरण र प्रचारप्रसारको लागि काम गर्ने घोषणा गरे पनि कुनै कार्यक्रम अघि सारेको छैन । पाल्पालाई चिनाउने मात्र नभई स्थानीय उद्यमशिलताको विकास र रोजगारी श्रृजनाको लागि पाल्पाली ढाकाले महत्वपूर्ण योगदान गरेको छ । विसं. २०१५ सालदेखि पाल्पामा ढाका कपडा उत्पादन हुँदै आएको छ । त्यसपछि विभिन्न आरोह अवरोह पार गर्दै आएको ढाका उद्योगहरु मजदुरको अभावमा बन्द हुने अवस्थामा पुगेका थिए । उद्योगमा मजदुरको समस्या भएपछि प्रदेश सरकारले उद्योगमा आवश्यक मजदुर पूर्ति गर्नका लागि तीन महिने ढाका बुनाइ तालिम आयोजना गर्‍यो । तालिम अवधिभर खान र बस्नका लागि आवश्यक खर्च पूर्तिका लागि श्रमिकको न्यूनतम तलब पनि दिएर तालिम आयोजना गरेकाले तालिम गरिब र सिमान्तकृत समुदायलाई निकै उपयोगी भयो । त्यही तालिमले मृत्युशैयामा पुगेको ढाका उद्योगले पुनर्जीवन पायो । अहिले ढाका उद्योग तङ्ग्रिने अवस्थामा छन् ।

अब खाँचो छ, तहगत सरकारले ब्राण्डिङका लागि आवश्यक कार्यक्रम । ढाका उद्योगीसँग मिलेर प्रदेश सरकारले तालिम आयोजना गरेर दक्ष मजदुर उत्पादन गर्न सहयोग गर्‍यो । अब बजारीकरणको लागि सहयोग गर्न आवश्यक छ । तानसेन नगरपालिकाको १५औं नगरसभामा नगरप्रमुख सन्तोषलाल श्रेष्ठले २०८१/०८२ को नीति तथा कार्यक्रममा बजारीकरणको लागि कार्यक्रम अघि बढाउने घोषणा भए पनि कार्यान्वयन नहुनु राम्रो होइन । पाल्पाली ढाकाको विकास, विस्तार र प्रचार प्रसार गर्न तानसेन नगरपालिका र मातहतका कार्यालयहरुमा कार्यरत जनप्रतिनिधि, कर्मचारीहरुका लागि प्रत्येक शुक्रबार पाल्पाली ढाकाबाट निर्मित पोसाक र ढाकाटोपी लगाउने नीति लिइए पनि कार्यान्वयन भएन । नगरपालिका र मातहतका कार्यालयमा प्रयोग गरिने रूमाल, पर्दाहरु ढाकाको राख्न अनिवार्य गरी स्थानीय ढाकाको प्रवर्द्धन गर्न व्यवस्था मिलाइने भनिए पनि नीतिमै सीमित हुनु स्थानीय सरकारको कच्चा काम हो । नीतिअनुसार कार्यक्रम र बजेट व्यवस्थापन हुनुपर्छ । नीति घोषणा हुने, तर कार्यक्रम कार्यान्वयन नहुने प्रवृत्तिले निर्वाचित जनप्रतिनिधिप्रति जनताको विश्वास र भरोसा टुट्छ ।

तानसेन नगरपालिकाले घोषणा भएको नीतिलाई कार्यान्वयन गर्न पहलकदमी लिनुपर्छ । ढाका पाल्पाको पहिचान भएकाले पनि ढाको प्रवर्द्धन गर्दा पाल्पाको पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्छ ।

## बुटवलको सबलीकरणका विषयमा सरोकारवालाको चिन्ता

बुटवल । बुटवलको सबलीकरणका विषयमा सरोकारवालाले चिन्ता व्यक्त गर्दै सबै पक्षलाई जुटाएर अगाडि जाने सहमति जनाएका छन् । मानवअधिकार तथा शान्ति समाज, दैनिक पत्र राष्ट्रिय दैनिक, आर्थिक अनुसन्धान केन्द्र, समृद्धि सरोकार केन्द्र सोमबार बुटवलमा आयोजना गरेको कार्यक्रममा विभिन्न क्षेत्रका विज्ञहरु बुटवलको भविश्यबारे चिन्ता व्यक्त गर्दै यसको पहिचान जोगाउने प्रतिबद्धता समेत गरेका छन् ।

कार्यक्रममा प्रमुख वक्ताका रुपमा रहेका प्राध्यापक डाक्टर रामचन्द्र आचार्यले शिक्षा, पर्यटन, स्वास्थ्य, उद्योग र धार्मिक पर्यटनको हव बनाएर अगाडि बढ्नुपर्ने सुझाव दिएका छन् । उनले योसँगै खुद्रा नभई थोक व्यापार केन्द्र बनाउनुपर्ने, हरेक क्षेत्रमा १६ घन्टा काम गर्न पाइनेगरी रोजगारको रणनीति बनाउनु पर्ने र रोजगारसहितको शिक्षा अर्थात काम गर्दै पढ्दै गर्न पाउने व्यवस्था गर्नसके धेरै मानिसले यसलाई केन्द्र मानेर जानसक्ने बताए । । उनले यहाँको मुख्य पहिचान रहेको तिनाउमा पानीको व्यवस्थापन गर्नपर्ने, वरिपरीका डाँडामा रंगिन वृक्षरोपण गर्नसकिने, प्राचीन बटौलीको ब्राण्ड बनाउनुपर्ने, धार्मिमक पर्यटन तान्ने आधार बनाउनुपर्ने र सरोकारवाला सबैले यहाँका सकारात्मक पक्षलाई चर्चामा ल्याउनुपर्ने बताए ।

युवा अर्थशास्त्री तथा आर्थिक अनुसन्धान केन्द्रका अध्यक्ष हुमराज भुसालले बुटवलको आर्थिक सबलीकरणका लागि यहाँको व्यापार बिस्तार तथा विविधिकरणका लागि स्थापना भएका विभिन्न व्यवसायिक संघसस्थाहरुका बीचमा राजनैतिक स्वार्थका कारणले साझा हितका विषयमा सैद्धान्तिक रुपमा एकरुपता देखिएता पनि व्यवहारिक कार्यान्वयनका समस्या रहेको बताए । उनले संघीय सरकारसँगको सहकार्यमा मोतीपुर औद्योगिक क्षेत्रको सञ्चालन र व्यवस्थापन गरि बुटवल औद्योगिक क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने, प्रदेश सरकारले बुटवललाई आर्थिक राजधानीका रुपमा अविलम्ब घोषणा गर्नुपर्ने, प्रदेश सरकारले रामापिथेकस बोटानिकल गार्डेन, जितगढी ऐतिहासिक स्थलको प्रवर्द्धन, पुरानो बुटवल साँस्कृतिक सम्पदाको प्रचारप्रसार तथा बजारीकरण गर्न जरुरी रहेको औंल्याए ।

दैनिक पत्रका प्रधानसम्पादक डा. बालकृष्ण चापागाईंले सबै सरोकारवाला पक्षलाई राखेर नयाँ योजना बनाउन यसखालको कार्यक्रम आयोजना गरिएको बताए ।

बुटवल उद्योग वाणिज्य संघका उपाध्यक्ष विमलराज भट्टराईले सुक्दै गएको व्यवसायले यहाँको सबै क्षेत्रलाई ओझेलमा पारेकाले सबैको समन्वयमा नयाँ योजना बनाउनुपर्ने र त्यसको समन्वय गर्न आफूहरु तयार रहेको जनाए ।

बटौलीको इतिहासबारे जानकारी दिँदै लेखक देवेन्द्रराज शाक्यले अंग्रेजलाई परास्त गरेको जितगढीको इतिहास र प्राचीन बटौलीको इतिहासलाई जोगाउँदै यसलाई आधारित थुप्रै पर्यटन केन्द्रित कार्यक्रम बनाउन सकिने बताए ।


बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

सूचना । सूचना ! सूचना ।

बुटवल उपमहानगरपालिकाको मिति २०८१ माघ १२ मा सम्पन्न नगरसभाको १६ औं अधिवेशनको तेश्रो बैठकबाट बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको सबै तहको आयोजनामा हुने औपचारिक एवम् अनौपचारिक लगायतका सार्वजनिक कार्यक्रमहरुमा (धार्मिक, सांस्कृतिक कार्यक्रम र विशेष अवस्थामा बाहेक) फुलमाला र खादाको प्रयोगलाई निषेध गर्ने र औपचारिक कार्यक्रमहरुमा (विशेष अवस्थामा बाहेक) आसन ग्रहण गराउँदा बढीमा ७ जनासम्मलाई मात्र आसन ग्रहण गराउने भन्ने निर्णय भएको हुँदा सो निर्णय कार्यान्वयन गरी सहयोग पुऱ्याउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

अनुरोधक
बुटवल उपमहानगरपालिका
बुटवल, रुपन्देही



दर्ता नं.: ४८८/०६६/०६७
नेपाल सरकार सहकारी ऐन २०४८ बमोजिम स्थापित
कालिमाटी बचत तथा ऋण सहकारी संस्था लि.
Kalimati Saving & Credit Cooperative Ltd.
Airawati Rural Municipality-5, Saranghesi, Pyuthan

ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/१२/०५**

यस कालीमाटी बचत तथा ऋण सहकारी संस्था लि. ऐरावती ५ सराङ्गबेसी प्यूठानबाट देहाय बमोजिम ऋण लिने ऋणी सदस्यहरुले उपयोग गरेको ऋणको साँवा, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हाल सम्म नबुझाई ऋण सम्वन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्वन्धमा मौखिक तथा लिखित पत्रद्धारा सुचना गर्दा समेत ऋणी सदस्य, जमानीकर्ताले तिर्न बुझाउनु पर्ने ऋणको सांवा, व्याज, हर्जना तथा अन्य दस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी ऋण चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले ऋण चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सुचना प्रकाशन गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने ऋणको सांवा, व्याज तथा, धन जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सुचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण ऋण रकम चुक्ता नगरेमा ऋण लिदा यस संस्थालाई लेखाईदिएको तमसुकको आधारमा यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने समेत यसै सुचनाद्धारा जानकारी गराइन्छ । यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा, धनजमानीकर्ता, व्यक्तिगत जमानतदाता एवं ऋणीको एकाघर सगोल परिवारको नाममा रहेको चल अचल सम्पत्ति तथा अन्य जायजेथा समेतबाट सहकारी ऐन नियमावली तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य व्यवस्था गरी असुल उपर गरी लिने तथा ऋणी एवं व्यक्तिगत जमानीकर्ताहरुलाई कालोसुचीमा समावेश गरिने व्यहोरा समेत सम्वन्धित सवैलाई सुचित गरिन्छ ।

तपशिल

| क्र.सं. | ऋणी सदस्यको नाम थर र तिन पुस्ते विवरण | ऋण नं. | ठेगाना | ऋणको शिर्षक | जमानी वस्नेको विवरण |
|---|---|---|---|---|---|
| १ | ऋणी : लाल बहादुर खत्री<br>बुबाको नामथरः थम्मन बहादुर खत्री<br>बाजेको नामथर : टेक बहादुर खत्री | ३५८ | धुवाङ्ग २ धुवाङ्ग (लालमटिया ३ भालुवाङ्ग) | व्यापार | घन बहादुर शाही<br>बुवाको नामः वलित ब.शाही<br>बाजेको नामः निल ब. शाही<br>ठेगानाः ऐरावती गा.पा.४ हर्नाघाट |
| २ | ऋणी : राधा कुमारी खत्री<br>बुबाको नामथरः पदम बहादुर अधिकारी<br>बाजेको नामथरः राम बहादुर अधिकारी | ४०८ | धुवाङ्ग २ धुवाङ्ग (लालमटिया ३ भालुवाङ्ग) | व्यापार | घन बहादुर शाही<br>बुवाको नामः वलित ब.शाही<br>बाजेको नामः निल ब. शाही<br>ठेगानाः ऐरावती गा.पा.४ हर्नाघाट |
| ३ | ऋणी : कमल बहादुर बोहोरा<br>बुबाको नामथरः लक्ष्मण बोहोरा<br>बाजेको नामथरः नर बहादुर बोहोरा | ८ | पकला १ झिवाङ्ग (ऐरावती ५ झिवाङ्ग) | व्यापार | खड्गवीर के.सी.<br>बुवाको नामः लिल ब. खत्री बाजेको नामः अतुराम खत्री<br>ठेगानाः ऐरावती गा.पा. ५ घुइबाङ्ग |
| ४ | ऋणी : किसन सुनार<br>बुबाको नामथरःथोम बहादुर सुनार<br>बाजेको नामथरः हिमलाल सुनार | २९९ | खैरा २ सराङ्गकोट (मल्लरानी ५ सराङ्गकोट) | व्यापार | सन्त बहादुर गन्धर्व<br>बुवाको नामः टोप ब. गाइन<br>बाजेको नामः मुक्ते गाइन<br>ठेगानाः ऐरावती गा.पा.५ सिंदुरेडांडा |
| ५ | ऋणी : फुर्सि सुनार<br>बुबाको नामथरःविष्णु बहादुर सुनार<br>बाजेको नामथरः हुम बहादुर सुनार | ६२१ | खैरा २ सराङ्गकोट (मल्लरानी ५ सराङ्गकोट) | व्यवसाय | विन्द्रा सुनार<br>बुवाको नामः रिखे सुनार<br>बाजेको नामः हिरे सुनार<br>ठेगानाः मल्लरानी गा.पा. ५ सराङ्गकोट |
| ६ | ऋणी : नारायण प्रसाद आचार्य<br>बुबाको नामथरः राम प्रसाद शर्मा<br>बाजेको नामथरः घनश्याम शर्मा | २१६ | रम्दी २ तिग्रा -माण्डवी ५ तिग्रा) | व्यापार | कैलाश आचार्य<br>बुवाको नामः ईश्वरी आचार्य<br>बाजेको नामः निधिराम आचार्य<br>ठेगानाः माण्डवी गा.पा. ५ तिग्रा |

कालिमाटी बचत तथा ऋण सहकारी संस्था लि.
ऐरावती ५ सराङ्गवेसी प्यूठान ।



लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक नगरपालिका वडा न. १० मा प्रस्तावित चु जी गुठिट्रष्ट सामुदायिक केन्द्र निर्माण/संचालन प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः२०८१/१२/०५)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः चु जी गुठि (ट्रष्ट)<br>ठेगानाः काठमाण्डौ महानगरपालिका वडा न.११, बबरमहल<br>फोन नं.:९८५७०३०००६ |
| प्रस्तावको व्यहोरा | ◆कार्यान्वयन हुने स्थानः लुम्बिनी सांस्कृतिक नगरपालिका-१०, महिलावर<br>◆जग्गाको विवरणः लुम्बिनी सांस्कृतिक नगरपालिका-१०कि.न. (६७०,६८,१२१३,१२१५,१२१६) जम्मा ८८.९ कठ्ठा , चु जी गुठि ट्रष्टको स्वामित्वमा<br>◆प्रस्तावबारे सामान्य जानकारीःचु जी गुठि सामुदायिक केन्द्र स्थापना तथा संचालन अनुमानित लागतः ने.रु.-९४,४०,७७,१२७.०० |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | रुपन्देही जिल्ला / लुम्बिनी सांस्कृतिक नगरपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष,सामाजिक पक्ष,सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न लुम्बिनी सांस्कृतिक नगरपालिका-१०तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरीएको छा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सूचना टाँसभएको निकाय वावनतथा वातावरण मन्त्रालयमावानिम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः चु जी गुठि (ट्रस्ट)<br>ठेगानाः काठमाण्डौ महानगरपालिका वडा न.११, बबरमहल<br>फोन नं.:९८५७०३०००६ |
| परामर्शदाताको नाम र ठेगाना | टाइम्स सोलुसन प्रा.लि., तिलोत्तमा-०२, रुपन्देही<br>इमेलः times.solution81@gmail.com<br>सम्पर्क नंः ९८६७१८९०५१ |



Siddharthanagar Municipality
Office of the Municipal Executive
Siddharthanagar, Rupandehi

Invitation for Bids

First Date of Publication: 2081-12-05 (18th March, 2025)

1. Siddharthanagar Municipality Office, Siddharthanagar, Rupandehi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB Bidding Procedure fromS.N. 1 to 3and hard copy Sealed bids under sealed quotation S.N.4, name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Description of work | Estimated Amount inclusive VAT and Provisional Sum without contingency | Bid Document Fee Amount | Bid Security Amount | Pre Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SNP/NCB-34/081/082 | Road Maintenance work at Siddharthanagar Municipality in Ward No. 1, Ranigaown sadak, Ward No.7, Bhirkuti Path ,Ward No.4 Bhawani Path & Other Roads | NRs. 59,05,011.95 | NRs. 3000 | Rs. 1,50,000.00 (One Lakh Fifty Thousand Only) | 2081-12-22 (4th April, 2025)<br>11:00 AM | 2082-01-04 (17th April, 2025)<br>Before 12:00 NOON | 2082-01-04 (17th April, 2025)<br>13:00 PM |
| 2 | SNP/NCB-35/081/082 | Road Maintenance work at Siddharthanagar Municipality in Ward No. 8 Ravi path to South 11 &12,Rudra Path to South &Ward Other Roads | NRs. 25,14,474.17 | NRs. 3000 | Rs 70,000.00 (Seventy Thousand Only) | 2081-12-22 (4th April, 2025)<br>11:00 AM | 2082-01-04 (17th April, 2025)<br>Before 12:00 NOON | 2082-01-04 (17th April, 2025)<br>13:00 PM |
| 3 | SNP/NCB-36/081/082 | Road Maintenance work at Siddharthanagar Municipality in Ward No. 2,3 Chadakya Path &Ward No.10 Dihawa Road & Other Roads | NRs. 50,11,229.09 | NRs. 3000 | Rs. 130,000.00 (One Lakh Thirty Thousand Only) | 2081-12-22 (4th April, 2025)<br>11:00 AM | 2082-01-04 (17th April, 2025)<br>Before 12:00 NOON | 2082-01-04 (17th April, 2025)<br>13:00 PM |
| 4 | SNP/SQ-35/081/082 | Construction of Rahamaniya masjit madarasha purbadhar at Ward No. 06. | NRs16,63,207.43 | NRs. 1000 | NRs. 40,000.00 (Fourty Thousand Only) | N/A | 2081-12-20 (2nd April, 2025)<br>Before 12:00 NOON | 2081-12-20 (2nd April, 2025)<br>13:00 PM |

| Bank Name | Name of Office | Revenue Account Name & No. | Deposit Account Name & No. |
|---|---|---|---|
| Agriculture Development Bank, Siddharthanagar, Rupandehi | Siddharthanagar Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi | AntarikRajaswa (revenue) Khata<br>04-146-01145634-20-8 (ga-1-1) | DharautiKhata<br>04-146-01145634-03-8 (ga-3) |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. A complete set of Bidding Documents may be purchased from the officeSiddharthanagar Municipality, Office of the Municipal Executive, Siddharthanagar-5, Rupandehiby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee ofRs.1000.00till 2081-12-19 (1st April, 2025)under sealed quotation S.N.4during office hours in the Project's Rajaswa (revenue) account.
4. Bid Submitted in hardcopy shall not be accepted under NCB Bidding Procedure FromS.N. 1 to 3 mentioned above.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Any amendment in the notice or bid documents or for further information please refer to the PPMO's website http://bolpatra.gov.np/egpunder NCB Bidding Procedure From S.N. 1 to 3 mentioned above.Similarly,any amendment in the notice or bid documents will be posted in notice board of this office under sealed quotation onS.N. 4mentioned above.

**Chief Administrative Officer**

# मिर्गौला पीडित युवालाई मणिमुकुन्दको सहयोग



बुटवल । मणिमुकुन्द मावि/कलेज बुटवलले मिगौंला रोगबाट पीडित एक युवालाई उपचारका लागि आर्थिक सहयोग गरेको छ ।

बुटवल आदर्शनगर निवासी सागर पाण्डे र ओमकुमारी पाण्डेका छोरा अङ्कित पाण्डेको दुवै मृगौलाले काम नगरेको हुनाले सामाजिक उत्तरदायित्व वहन गर्दै उपचारमा सहयोग पुगोस् भन्ने उद्देश्यले संस्थाका शिक्षक, कर्मचारी र विद्यार्थीले स्वेच्छिक हिसाबले संकलन गरेको ३५ हजार रुपैयाँभन्दा बढी रकम प्रदान गरिएको हो ।

संस्थाले मिर्गौला पीडितकी बहिनी विद्यालयकी छात्रा दिप्ति भण्डारीमार्फत् सहयोग सहयोग रकम हस्तान्तरण गरेको संस्थाका प्राचार्य टुकबहादुर क्षेत्रीले बताए ।

संस्थाले भैपरी आउने मानवीय सेवाको क्षेत्रमा सक्दो सहयोग विगतदेखि नै गर्दै आएको प्राचार्य क्षेत्रीले बताए ।

सहयोग रकम हस्तान्तरण कार्यक्रममा संस्थाका सञ्चालक समिति सदस्य उमापति न्यौपाने, सहप्राचार्य दिवाकर खनालले बोल्दै मिर्गौला रोगबाट पीडित पाण्डेलाई आर्थिक सहयोगको खांचो भएकाले सबैले सक्दो सहयोग गर्न आग्रह गरे ।

## औद्योगिक क्षेत्रमा दैनिक १२ घण्टा लोडसेडिङ

बुटवल । गएको शनिबारदेखि भारतबाट दिनको समयमा मात्रै बिजुली आयात हुन थालेपछि औद्योगिक क्षेत्रमा दैनिक कम्तीमा १२ घण्टा लोडसेडिङ सुरु भएको छ ।

देशका अधिकांश क्षेत्रका उद्योगलाई नेपाल विद्युत् प्राधिकरणका वितरण केन्द्रहरूले सम्पर्क गरेरै कम्तीमा १२ घण्टा लोडसेडिङमा बस्नुपर्ने जानकारी गराएको उद्योगहरूले जनाएका छन् ।

शुक्रबारसम्म पिकआवरका चार घण्टाबाहेक दैनिक २० घण्टाका दरले भारतबाट विद्युत् आयात भइरहेको थियो । तर, भारतको केन्द्रीय विद्युत् प्राधिकरणले गत १९ नोभेम्बरमा नेपाललाई विद्युत् निर्यात अनुमति दिँदा नै १५ मार्चदेखि 'सन आवर' (बिहान ६ देखि साँझ ६ बजेसम्म) मात्रै बिजुली दिने गरी अनुमति दिएको थियो ।

त्यसका कारण घरायसी ग्राहककहाँ लोडसेडिङ नभए पनि उद्योगमा भने रातभरि लोडसेडिङ भइरहेको प्राधिकरण स्रोतले जनाएको छ । कतिपय स्थानमा १४ घण्टासम्म लोडसेडिङ रहेको उद्योगीले जानकारी दिएका छन् ।


लुम्बिनी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
बुटवल, रुपन्देही

पुन:बोलपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मितिः२०८१/१२/०५

यस कार्यालयबाट भूमिगत स्यालो तथा डिप ट्यूववेल सिंचाइ कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका निर्माण कार्यहरु दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले ड्रिलिंग कार्य सम्बन्धी इजाजत प्राप्त इच्छुक तथा योग्य निर्माण व्यवसायीहरुबाट निम्न अनुसारको कार्य गर्नको लागि विधुतीय माध्यम https/bolpatra.gov.np/egp बाट दरखास्त दिनुहुनको लागि यो सूचना आह्वान गरिएको छ। अन्य बिस्तृत जानकारीको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

तपसिल

| सि.न. | ठेक्का न. | कामको विवरण | ठेक्का रकम रु (इन्सुरेन्स र भ्याट समेत) | बिड बोन्ड/ धरौटी रकम रु | बोलपत्र दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | GWIDDB TL/15-2081-82(STW) | Construction of 6" dia. Tube well with Well Development and Installation of Pump & Accessories at Sainamaina 4 Rupandehi District | 13,42,909.63 | 3400 | 1000 | दरभाउपत्र |

कार्यालय प्रमुख



Chandrakot Rural Muncipality
Office of Rural Muncipal Executive
Shantipur, Gulmi, Nepal

Invitation for Bids for Procurement of works for office of Chandrakot Rural Municipality

First Date of publication: 2025-03-18 (2081-12-5)

1. Chandrakot Rural Muncipality has allocated funds towards the cost of Procurement of works and intends to apply part of the funds to cover eligible payments under the folowing Contracts.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Chandrakot Rural Municipality, Shantipur, Gulmi (Phone No. 9857067920) or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder shall download the bidding documentsfrom www.bolpatra.gov.np &should deposit the non refundable bid document feeof Nrs 3000 in the Rajaswa Khata as specified below and the scanned copy of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: Nepal Bank Limited, Shantipur, Gulmi
Name of Office: Chandrakot Rural Muncipality, Shantipur, Gulmi
Office Account no.: 23503000003000000001 (Dharauti Khata)
Office Account no.: 23503000001001000001 (Rajashwa Khata)

| S.N. | Contract ID | Description of Works | Estimated Amount withou vat and Contingency (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | CRM-GUL-NCB-W-07-2081-82 | Construction of Timure Tourism Infrastructure Development Program | 30,70,796.46/- | 90,000/- | 3,000.00 |

Chief Adminstrative Officer


# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
@))& a}zfv @#

**निधनः**
@)*! kmfug @$

## स्व. गोविन्द रसाली

अर्घाखाँची जिल्ला पाणेनी गाउँपालिका वडा नं - २ ( साविक पोखराथोक गा. वि. स. वडा नं - ५ ) ओखारामा २००७ साल वैशाख २३ गते पिता स्व. सिद्धिमान रसाली र माता स्व. जलकला रसालीको जेष्ठ पुत्रको रूपमा जन्मनु भई २०२२ सालदेखि रुपन्देही जिल्ला सैनामैना गाउँपालिका, वडा नं. ११ सालझण्डी र विगत २६ वर्ष देखि बुटवल उपमहानगरपालिका वडा नं ६ मैत्रीपथ बस्दै आएको हाम्रो परिवारका आदरणीय अविभावक **स्व. गोविन्द रसाली**को मिति २०८१ फाल्गुण २४ गते ७५ वर्षको उमेरमा भएको आकस्मिक र असामयिक निधनले हामीलाई मर्माहित तुल्याएको छ। अप्रत्याशित रूपमा घटेको यस दुःखद घटनाको आज एघारौं दिनको पुण्य तिथिमा दिवङ्गत आत्माको चीर शान्तिको लागि प्राथना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

यस दुःखद घडीमा हामीलाई विभिन्न माध्यमहरुबाट र प्रत्यक्ष भेट गरी समवेदना, सहानुभूति एवं सान्त्वना व्यक्त गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र तथा शुभचिन्तकहरुमा हार्दिक आभार व्यक्त गर्दछौं ।

श्रीमती - **पार्वती रसाली**

छोराबुहारीहरुः-
**विष्णु रसाली/ अन्जु रसाली**
**प्रवीण रसाली / भगवती रसाली**
**उत्तम रसाली / श्रुति रसाली**

छोरीहरुः-
**चम्पा खड्का**
**सुमित्रा खड्का**
**सुष्मिता रसाली**
**सरला रसाली**

भाइ बुहारीहरुः-
**लक्ष्मी रसाली**
**सीताराम रसाली/ कोपिला रसाली**

बहिनीहरुः-
**मथुरा बर्मा**
**पवित्रा खड्का**
**सीता गहतराज**

# शिक्षा नीति फरक बनाउन नहुनेमा जोड



बुटवल। बुटवल सुख्खानगरमा रहेको एभरेष्ट इङ्ग्लिस माध्यमिक विद्यालयमा विद्यार्थीको स्वागत, विदाइ तथा सम्मान कार्यक्रम भएको छ। एभरेष्ट माविको कक्षा-११ मा अध्ययनरत विद्यार्थीले १२ लाई बिदाई तथा १२ कक्षाका विद्यार्थीले ११ कक्षाको विज्ञान र व्यवस्थापन संकायमा अध्ययन गर्ने विद्यार्थीको स्वागत कार्यक्रम गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै बुटवल उपमहानगरपालिका नगर उपप्रमुख सावित्रादेवी अर्यालले शिक्षामा देखिने विवाद अन्त्यकालागि शैक्षिक संस्थाहरुलाई एकै खालको नीतिमा राख्नु पर्ने बताइन् ।

उनले शिक्षाको गुणस्तर र गुणस्तरीय जनशक्ति उत्पादनमा सामुदायिक र संस्थागत दुबै शिक्षालयहरुको भूमिका एकै प्रकारको हुने भएकाले शिक्षा नीति फरक बनाउन नहुने तर्क राखिन् । उनले बुटवल उपमहानगरले शिक्षा नीतिका सवालमा सकारात्मक भूमिका खेल्दै सबैखाले शिक्षालयहरुलाई उनीहरुकै अनुकुल सञ्चालनको भूमिका निभाउने खालको नीति ल्याउने तयारिमा रहेको बताइन् ।

कार्यक्रममा परीक्षा व्यवस्थापन कार्यालय लुम्बिनी प्रदेशका प्रमुख रमाकान्त तिवारीले उच्च शिक्षा अध्ययन गर्न तयार भएका विद्यार्थीले मेहनत, लगन र अनुसाशित हुनु आवश्यक रहने भन्दै सोहीअनुसार अध्ययन गर्न आग्रह गरे ।

कार्यक्रममा विद्यालयका प्राचार्य कृष्ण न्यौपानेले गुणस्तरीय शिक्षासँगै विद्यार्थीलाई भविष्यमा काम लाग्ने संस्कारयुक्त शिक्षालाई विद्यालयले जोड दिँदै आएको उल्लेख गर्दै सैद्धान्तिकसँगैसँगै व्यवहारिक र काम लाग्ने खालको सिकाइलाई विद्यालयले जोड दिँदै आएको बताए । उनले विद्यार्थीलाई समयानुकुल सबैखाले ज्ञान दिन जरुरी रहेको बताँउदै समयसमयमा विभिन्न खाले प्रतिस्पर्धात्मक कार्यक्रम र ज्ञानवर्धक कार्यक्रमलाई एभरेष्टले महत्व दिँदै आएको उल्लेख गरे ।

कार्यक्रममा माध्यमिक शिक्षा शाखा बुटवलका प्रमुख टिकाराम पन्थी, प्याब्सन लुम्बिनी अध्यक्ष लालहरि पाण्डे, अभिभावक संघ रुपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवाली, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, प्याब्सन बुटवलका अध्यक्ष मित्रहरि आचार्य, विद्यालय सञ्चालक समिति अध्यक्ष गमप्रसाद रेश्मी, उपाध्यक्ष भिमबहादुर श्रेष्ठ, विद्यार्थी डेबीड खनाल, नेहारिका ज्ञवालीलगायतले उच्च शिक्षा अध्ययनकालागि अग्रसर र माध्यमिक तहका लागि अध्ययनरत विद्यार्थीहरुलाई शैक्षिक सफलता र उत्कृष्टताको शुभकामना दिएका थिए ।

कक्षा ११ मा अध्ययनरत विद्यार्थी सृजल बस्यालको अध्यक्षतामा भएको कार्यक्रममा कक्षा-११ मा अध्ययनरत विद्यार्थीले १२ लाई बिदाइ तथा १२ कक्षाका विद्यार्थीले ११ कक्षाको विज्ञान र व्यवस्थापन संकायमा अध्ययन गर्ने विद्यार्थीको स्वागत गरेको विद्यालयका सह-प्राचार्य भिमसेन गौतमले जानकारी दिए ।

सोही कार्यक्रममा उत्कृष्ट क्याप्टेन, उत्कृष्ट प्राध्यापकलाई सम्मान समेत गरिएको सह-प्राचार्य गौतमले जानकारी दिए । शिक्षक माधव पौडेलको सञ्चालनमा भएको कार्यक्रममा विज्ञान र व्यवस्थापन अध्ययन गर्ने झण्डै आठ सय विद्यार्थीले एकअर्कालाई स्वागत तथा विदाइ गरेका थिए भने विद्यार्थीहरुले आ-आफ्ना साँस्कृतिक प्रस्तुतिहरु समेत प्रदर्शन गरेका थिए ।

## स्थापना दिवसमा रक्तदान र वृद्धाश्रमलाई सहयोग



बुटवल। मासु व्यवसायी संघ नेपाल रुपन्देहीले २०औं स्थापना दिवसको अवसरमा रक्तदान र वृद्धाश्रममा सहयोग गरेको छ। संघले आफ्नै कार्यालयमा गरेको रक्तदानमा संघका पदाधिकारी, कार्यसमिति सदस्य, व्यवसायी र कर्मचारी समेत गरी २१ जनाले रक्तदान गरेका संघका महासचिव थानिश्वर सुवेदीले जानकारी दिए। यस्तै संघले बुटवल २ स्थित सिद्धबाबा दुर्गा भवानी शिवकुमारी सैंजू वृद्धाश्रममा रहेका वृद्ध वृद्धाका लागि पंखा, खाना पकाउने प्रेसर कुकर तथा फलफूल दिएको छ।

संघले हरेक वर्ष स्थापना दिवसमा सामाजिक उत्तरदायित्व वहन गर्दै विभिन्न रचनात्मक र मानवीय सेवाका कार्य गर्दै आएको संघका अध्यक्ष विशाल थापाले बताए। संघले २०औं स्थापना दिवसको मूल कार्यक्रम तथा चौधौं साधारणसभा आज मंगलबार बुटवलमा गर्दैछ।


**लागू औषध प्रयोग नगरौं।**

लागूऔषधको सेवनले,

–मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर गर्छ,

–परिवार, साथीभाइ र आफन्तसँग सम्बन्ध बिग्रन सक्छ।

–सामाजिक सम्मानमा गिरावट ल्याउँछ।

–सामाजिक अपराध र विकृति बढ्छन्।

त्यसैले,

लागू औषधको उत्पादन, संचय, ओसारपसार बिक्री वितरण तथा सेवन नगरौं। गर्न नदिऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


## विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

दुम्किवास,नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

# नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८१/१०/२८
दोस्रो पटक प्रकाशित मिति २०८१/१२/०५

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२कर यस विनयी त्रिबेणी गाउँपालिका आर्थिक ऐन,२०८१को व्यवस्था तथा गाउँकार्यपालिकाको मिति २०८१/१०/१४ गतेको निर्णयानुसार तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी विनयी त्रिबेणी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाण, आ.व. २०८०/०८१को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी देहाय बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

तपसिल :

| सि.न. | बोलपत्रनं. | बोलपत्रको विवरण | GPS Point | | उत्खनन् परिमाण (घ.मि.) | दररेट प्रदेश सरकारले तोके बमोजिम | न्युनतम बोलपत्र रकम (अग्रिम आयकर र मु.अ कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 30/BTRM/NBC/ Rev/2081-082 | सिलौटेपूल देखी पाखापानी सम्मको खण्ड २ | २७°३९'४.६९"N ८३°५०'४.४२"E | २७°३९'१२.७४"N ८३°४९'४०.५१"E | १८६७२.०० | ३१७.८८ | ५९३५४५५.३६ | २०१२१२ | ३००० | |
| २ | 31/BTRM/NBC/ Rev/2081-082 | पाखापानी देखी मसान मजुवा सम्मको क्षेत्र १ | २७°३९'५२.४७"N ८३°४९'८.१९"E | २७°४०'५.६९"N ८३°४७'४८.७७"E | २५२००.०० | ३१७.८८ | ८०१०५७६.०० | २७१५५९ | ३००० | |
| ३ | 32/BTRM/NBC/ Rev/2081-082 | पाखापानी देखी मसान मजुवा सम्मको क्षेत्र २ | २७°४०'२५.३९"N ८३°४७'३.११"E | २७°४०'४१.६८"N ८३°४६'०.४७"E | २५९८३.२५ | ३१७.८८ | ८२५९५५५.५१ | २७९९९९ | ३००० | |
| ४ | 33/BTRM/NBC/ Rev/2081-082 | मसान मजुवा देखि खुमबारी सम्मको खण्ड | २७°४०'३९.५७"N ८३°४५'३३.८४"E | २७°४०'४७.२०"N ८३°४४'५९.६१"E | २१०००.०० | ३१७.८८ | ६६७५४८०.०० | २२६२९९ | ३००० | |
| ५ | 37/BTRM/NBC/ Rev/2081-082 | सिरवारखहरे खण्ड | २७°३८'२५.७४"N ८३°५२'५९.४९"E | २७°३८'३६.८४"N ८३°५१'५५.०८"E | ६३२१.०० | ३१७.८८ | २००९३१९.४८ | ६८११६ | ३००० | |
| ६ | 39/BTRM/NBC/ Rev/2081-082 | खोरंडी खोलाको बगर क्षेत्र | २७°३९'४०.२९"N ८३°५१'२५.६६"E | २७°४०'१४.८४"N ८३°५१'३०.९२"E | ७५११.७० | ३१७.८८ | २३८७८१९.२० | ८०९४८ | ३००० | |
| ७ | 40/BTRM/NBC/ Rev/2081-082 | पातखहरे खोला | २७°३९'५६.११"N ८३°५३'७.४१"E | २७°३९'४६.१४"N ८३°५३'२६.८२"E | ६१८२.८० | ३१७.८८ | १९६५३८८.४६ | ६६६२७ | ३००० | |

शर्तहरु :

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं.००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २०८१/१२/२० गते १२:०० बजेसम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै भोलिपल्ट कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।
२. बोलपत्र सम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको ठेक्काको धरौटी रकम यस कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।
३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना,कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम,ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८१/१२/२० गतेका दिन दिनको १२:००बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/१२/२० गते १:०० बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ।
५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८१/१२/१५ गतेकादिन दिनको १:००बजे विनयी त्रिबेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।
६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको वा सुचनाटाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको ५ प्रतिशतले हुने रकम कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ अथवा असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) पेश गर्नुपर्ने छ, कार्य सम्पादन जमानत नियमानुसार कार्य गर्न फर्म वा कम्पनिको कार्यालयमा बुझाउनु पर्ने रकम, उत्खनन परिमाण तथा ठेक्काको सम्पूर्ण कार्य सम्पन्न भए पश्चात फिर्ता गरिनेछ अन्यथा जफत गरिनेछ, साथै कबोल अंकको एकमुष्ठ बुझाइ सम्झौता गर्न सक्नेछ अथवा प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम जेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।
८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४, गाउँपालिकाबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मिति देखि २०८२साल जेठ मसान्तसम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिनेछ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईने छैन। यकिन भएको परिमाण भन्दा बढी परिमाण विक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामा बुझाउनु पर्नेछ।(IEE)प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ।
२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।
३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र बिक्री वितरण गरिएको यथार्थ परिमाण खुलाइ गाउँपालिकामा विवरण पेश गर्नु पर्ने छ।
४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनीले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ।
५. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
६. गाउपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।
७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।
८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।
९. नदीजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ।
१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौंता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सोमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।
११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग गाउँपालिकालाई स्वीकार्य हुनेछैन।
१२. ढुंगा, गिट्टी, बालुवा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।
१३. नदीजन्य पदार्थलाई घाटगद्धि गाउँपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ,नदीजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र बिक्री वितरण गर्नुपर्ने छ।
१४. ढुंगा,गिट्टी, बालुवा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुङ्गा गिट्टि,वालुवा उत्खनन,संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७,विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७, ढुङ्गा गिट्टि,वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड,२०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।
१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।
१६. अन्य विस्तृत जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्न सकिने छ ।
१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com